# राष्ट्रिय महिला आयोग

**National Women Commission**

नारायणहिटी, काठमाडौं, नेपाल

पत्र संख्या:
चलानी नं.

फोन: +९७७-४२५६७०१
फ्याक्स: +९७७-१-४२५९४११
इमेल: info@nwc.gov.np
http://www.nwc.gov.np


मिति: २०८३/०५/१६

## प्रेष विज्ञप्ति !

**विषय: विपत व्यवस्थापनलाई प्रभावकारी बनाउन समन्वय, सहकार्य र सहजिकरण सम्बन्धमा।**

आज मिति २०८३ भाद्र १६ गते राष्ट्रिय महिला आयोगको आयोजनामा २०८३ भाद्र १० गते रसुवा जिल्लामा गएको हिम पहिरोको कारण उत्पन्न भोटेकोशी बाढीको विपदमा परी जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, किशोरी, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विशेष अवस्थाका जोखिममा रहेका व्यक्तिको उद्धार, राहत र संरक्षण सम्बन्धी सवालमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय, गृहमन्त्रालयका प्रतिनिधी सहित महिलाको क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी र सामाजिक संघ-संस्थाका प्रतिनिधीहरुबीच समन्वयात्मक बैठक/छलफल सम्पन्न भयो।

आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा महिला, बालबालिका, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, मानव बेचविखन विरुद्ध अभियान, मानसिक स्वास्थ्य उद्धार र सहायता लगायतका नागरिकका प्रत्यक्ष सरोकारका सवालमा काम गर्ने दुईदर्जन भन्दा धेरै संघ-संस्था तथा संयुक्त राष्ट्र संघीय एजेन्सीका प्रतिनीधिहरुको उपस्थिति रह्यो। सचिव कालिप्रसाद पराजुलीले उद्येश्यमाथि प्रकाश पार्दै सहजिकरण गर्नु भएको बैठकमा आयोगका माननीय सदस्यज्यूहरुको पनि सुझाव र पृष्ठपोषण रह्यो।

छलफलको क्रममा उपस्थित सबै प्रतिनिधीहरुबाट विपत व्यवस्थापनमा राज्यका तर्फबाट भएको पहल र प्रयत्नको प्रशंसा गर्दै उद्धार, राहत, व्यवस्थापन र पुनर्स्थापनाका लागि सबै संघ-संस्थाहरुबाट आ-आफ्नो विषयगत क्षेत्र अनुसार लाग्ने र दोहोरोपना नहुने गरी थप प्रभावकारी बनाउन राष्ट्रिय महिला आयोगबाट तीन तहकै सरकार र सरोकारवाला निकाय बीच समन्वय, सहजिकरण र अनुगमन हुनुपर्ने लगायतका महत्वपूर्ण सुझावहरु प्राप्त भएको।

बैठक समापनका क्रममा छलफलबाट प्राप्त सुझाव अनुसार आयोगले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय, संग समेत समन्वय गर्दै आवश्यक पहल र प्रयत्न गर्ने सम्बन्धमा अध्यक्ष्यबाट प्रतिवद्धता व्यक्त गर्दै बाढीबाट प्रभावित भई जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुलाई आवश्यक सहायता र समन्वयका लागि आयोगको निःशुल्क हेल्पलाईन नं.११४५ मा सम्पर्क गर्न आयोगबाट हार्दिक अनुरोध गरियो।

कालिप्रसाद पराजुली
सचिव